# आयकर ऐन, २०५८ मा
# “नोक्सानी कट्टी”

श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
लाजिम्पाट,काठमाण्डौं

*“कर तिर्नु कानूनी कर्तव्य मात्र होईन,
सम्मान पाउने अवसर पनि हो”*

चैत्र, २०५९

१. नोक्सानी भनेको के हो ? यसलाई कर प्रयोजनका लागि कस्तो व्यवहार गरिन्छ ?

- कुनै व्यक्तिले लगानी वा व्यवशाय गर्दा नाफा वा नोक्सानी दुवै हुन सक्छ । यदि उसले खर्च गरेको रकमभन्दा प्राप्त गरेको रकम बढी भएमा मुनाफा भएको मानिन्छ भने प्राप्त गरेको रकमभन्दा खर्च गरेको रकम बढी हुन गएमा नोक्सानी भएको मानिन्छ । नोक्सानी व्यहोर्नु परेको अवस्थामा कर प्रयोजनका लागि यस्तो नोक्सानीलाई मुख्यतया दुई प्रकारको व्यवहार गरिन्छ । पहिलो, यस्तो नोक्सानीलाई यसको स्रोत तथा किसिमको आधारमा अलग अलग (Quarantine) गरी कट्टी गर्न दिइन्छ । दोस्रो, आगामी वर्षहरूमा कट्टी गर्ने गरी सार्न दिइन्छ । यी व्यवस्थाहरू लगानी वा व्यवशाय गर्ने सवै करदाताहरूका लागि समान रूपले लागू हुन्छन् । केही तोकिएका करदाताहरू जस्तै, बैंकि, सामान्य वीमा व्यवशाय वा दिर्घकालीन करार अन्तर्गत व्यवसाय गर्ने करदाताहरू लाई आगामी वर्षका साथै विगतका वर्षहरूमा पनि नोक्सानी सार्न (Carry Forward/Carry Back) दिइन्छ ।

<u>उदाहरण</u>:-

नेपाल शुभलाभ बैंकको स्थिति निम्नानुसार हुंदा बैंकलाई आ.व. २०५९।६० मा भएको नोक्सानी विगत वा आगामी वर्षहरूमा निम्नानुसार कट्टी गर्न दिइन्छः-

| आ.व. | २०५४।५५ | २०५५।५६ | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० | २०६०।६१ |
|---|---|---|---|---|---|---|---|
| खुद नाफा र नोक्सान | १००००।– | २००००।– | ३००००।– | ४००००।– | १००००।– | (१२००००।–) | ५००००।– |
| कट्टी हुन नपाएको नोक्सानी र मुनाफा | (११००००।– | (९००००।–) | (६००००।–) | (२००००।–) | (१००००।–) | (१००००।–) | २००००।– |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| करको दर | ३०% | ३०% | २५५% | २५% | २५% | २५% | |
| कर फिर्ता रकम | ३०००।- | ६०००।- | ७५००।- | १००००।- | २५००।- | ० | |

- माथिको तालिकामा बैकलाई आ.व. २०५९।६० मा रू १२००००।- नोक्सानी भएको छ ।
- यस्तो नोक्सानीलाई सर्बप्रथम कुनै जगेडा कोष बांकी भएमा सो कोषबाट कट्टी गर्नु पर्छ ।
- उपरोक्तानुसार जगेडाकोषबाट कट्टी गर्दा पनि नोक्सानी वाकी रहेमा सो नोक्सानीलाई सर्वप्रथम विगतको पांचौ आ. व. २०५४।५५ मा भएको मुनाफामा कट्टी गर्नु पर्ने हुन्छ । प्रस्तुत केशमा कुनै जगेडा बांकी नभएकोले विगतको पांचौ आ. व. २०५४।५५ मा भएको मुनाफामा कट्टी गरियो ।
- सो आ. व. मा सवै नोक्सानी कट्टी हुन नसकेकोले त्यसपछि क्रमश: २०५५।५६, २०५६।५७, २०५७।५८ र २०५८।५९ को मुनाफामा कट्टी गरियो ।
- यसरी विगतका वर्षमा नोक्सानी कट्टी गर्दा फाइललाई पुन: खोली रहनुपर्दैन । नोक्सानी कट्टी गरिएको आयमा सम्वन्धित आ. व.को करको दरले हुने रकम फिर्ता दिई सो को लेखा मात्र राखे पुग्छ ।
- विगतका पांचै वर्षमा सार्दा पनि प्रस्तुत केशमा नोक्सानी कट्टी हुन नसकेकाले आगामी वर्ष अर्थात आ. व. २०६०।६१ मा पनि नोक्सानी सार्न पाईन्छ ।
- यसरी विगतका वर्षहरूमा नोक्सानी सार्दा सो वर्षमा कुनै जगेडा कोष बांकी भएमा सर्वप्रथम सो कोषबाट कट्टी गरेर मात्र मुनाफामा कट्टी गर्न सकिन्छ, जगेडालाई यथावत छाडेर होइन ।

२. कट्टी हुन नपाएको नोक्सानीलाई कति अवधि सम्म अगाडी वा पछाडी सार्न पाईन्छ ?

- निम्नानुसारको अवधि सम्म नोक्सानी अगाडी (Carry Forward) वा पछाडी (Carry Back) सार्न पाईन्छ :
    - सामान्य व्यवसायमा भएको नोक्सानी ४ बर्ष सम्म अगाडी,
    - सार्वजनिक पुर्वाधार संरचनाको निर्माण तथा संचालन गरी श्री ५ को सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरू र बिद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनाहरूको नोक्सानी ७ बर्ष सम्म अगाडी,
    - बैंक वा सामान्य वीमा व्यवसायमा भएको नोक्सानी ५ बर्ष सम्म पछाडी, त्यसपछि पनि नोक्सानी वांकी भएमा ४ बर्ष सम्म अगाडी,
    - दिर्घकालीन करारमा नोक्सानी भएमा विभागले तोकेको अवधि सम्म पछाडी,
    - लगानीमा नोक्सानी भएमा सार्न नपाईने ।

३. **कुनै व्यक्तिले कुनै व्यवसायबाट ब्यहोर्नु परेको कुनै कट्टी हुन नपाएको नोक्सानीलाई कुन आयमा कट्टी गर्न पांउछ ?**

- सो व्यक्तिले सोही आय वर्षमा स्वदेशी वा विदेशी स्रोत भएको कुनै व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्दा कट्टी गर्न पाउंछ । जस्तै, कुनै व्यक्तिले नेपालमा गरेको आयात निर्यात व्यापारबाट व्होर्नु परेको नोक्सानीलाई सोही व्यक्तिको अर्को कुनै नेपालमा स्रोत भएको वा सिंगापुरमा स्रोत भएको व्याज आय वा व्यापारबाट भएको आयको गणना गर्दा कट्टी गर्न पांउछ ।

४. **कुनै व्यक्तिले स्वदेशी स्रोतबाट भएको कुनै लगानीबाट व्होर्नु परेको कट्टी हुन नपाएको नोक्सानीलाई कुन आयमा कट्टी गर्न पांउछ ?**

- सो व्यक्तिले सोही आय वर्षमा स्वदेशी वा विदेशी स्रोत भएको कुनै लगानीबाट भएको आयको गणना गर्दा मात्र कट्टी गर्न पाउंछ । जस्तै, क भन्ने कम्पनीले नेपालमा कुनै पांचतारे होटेलमा गरेको शेयर लगानीबाट व्होर्नु परेको नोक्सानीलाई

भारतमा स्रोत रहेको व्याज आयको गणना गर्दा वा नेपालकै कुनै वित्त कम्पनीमा गरेको शेयर लगानीबाट भएको आयको गणना गर्दा कट्टी गर्न पाउंछ ।

**५. कुनै व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानीलाई कुन आयमा कट्टी गर्न पांउछ ?**

- सो व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा ब्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको विदेशी स्रोतबाट भएको आयको गणना गर्दा मात्र कट्टी गर्न पाउंछ । जस्तै, नेपालस्थित कुनै कम्पनीले कोरियामा रहेको आफ्नो प्रतिनिधिमार्फत कोरियामा हस्तकलाका सामाग्री आपूर्ति गर्ने कारोवार गर्दा व्यहोर्नु परेको नोक्सानीलाई सोही कम्पनीले जर्मनीमा रहेको एजेन्सीमार्फत गलैंचा आपूर्ति गर्ने कारोवार गर्दा भएको आयको गणना गर्दा वा जर्मनीमै कुनै वचत योजनामा गरेको लगानीबाट भएको आयको गणना गर्दा कट्टी गर्न पाउछ ।

**६. कर लाग्ने र नलाग्ने दुवै किसिमका आय भएको कुनै व्यक्तिले कुनै कर नलाग्ने आय प्राप्त गर्दा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानीलाई कुन आयमा कट्टी गर्न पांउछ ?**

- कुनै व्यक्तिले कर नलाग्ने आय प्राप्त गर्दा भएको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको कर नलाग्ने आयको गणना गर्दा मात्र कट्टी गर्न पाउंछ । जस्तै, एवीसी सहकारी संस्था लिमिटेडले कृषि मल आपूर्ति गर्दा व्यहोर्नुपरेको नोक्सानीलाई सोही संस्थाले शीतभण्डार संचालन गरी प्राप्त गरेको आयको गणना गर्दा कट्टी गर्न पांउछ । सो संस्थाले संचालन गरेको रेष्टुरांबाट भएको आयको गणनामा कट्टी गर्न पांउदैन ।

**७. एकभन्दा बढी शीर्षक वा स्रोतमा आधारित नोक्सानीको कट्टीको प्राथमिकता कसले निर्धारण गर्दछ ?**

- कुनै व्यक्तिले एकभन्दा बढी व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा एकभन्दा वढी व्यवसाय वा लगानीबाट भएको नोक्सानी कट्टी गर्न पाउने भएमा कुन व्यवशाय वा लगानीबाट कट्टी गर्ने, पूरा नोक्सानी कट्टी गर्ने कि आंशिक रूपमा मात्र

कट्टी गर्ने भन्ने कुराको प्राथमिकता निजले आफै निर्धारण गर्नसक्छ ।

<u>नोक्सानी कट्टीको व्याख्याचित्र **(Diagram)**</u> :-



**नोक्सानी कट्टीसम्वन्धी माथि उल्लेखित व्याख्याचित्र (Diagram) को व्याख्याः–**

- स्वदेशी स्रोत भएको व्यवशायबाट हुने नोक्सानी सो वर्षमा जहांसुकै स्रोत भएको व्यवशाय वा लगानीबाट भएको आयमा कट्टी गर्न पाइन्छ ।
- विदेशी स्रोत भएको व्यवशायबाट हुने नोक्सानी सो वर्षमा विदेशी स्रोत भएको व्यवशाय वा विदेशी स्रोत भएको लगानीबाट भएको आयमा मात्र कट्टी गर्न पाइन्छ ।
- स्वदेशी स्रोत भएको लगानीबा६ हुने नोक्सानी सो वर्षमा विदेशी स्रोत वा स्वदेशी स्रोत भएको लगानीबाट भएको आयमा मात्र कट्टी गर्न पाइन्छ ।
- विदेशी स्रोत भएको लगानीबाट हुने नोक्सानी सो वर्षमा विदेशी स्रोत भएको लगानीबाट भएको आयमा मात्र कट्टी गर्न पाइन्छ ।
- करको दर फरक हुने वा कर नलाग्ने व्यवसायमा भएको नोक्सानी सोही व्यवसायको आयमा मात्र कट्टी गर्न पाइन्छ ।

**व्याख्याचित्रको सारांश**

- विदेशी स्रोतको नोक्सानी विदेशी स्रोतकै आयमा, लगानीको नोक्सानी लगानीकै आयमा, व्यवशायको नोक्सानी स्वदेशी स्रोतको भए जुनसुकै जहांसुकैको (विदेशी वा स्वदेशी स्रोतको लगानी वा व्यवशायको) आयमा र विदेशी स्रोतको भए विदेशी स्रोतकै लगानी वा व्यवशायको आयमा कट्टी गर्न पाइन्छ ।